(आ.व. २०८२।८३ को पहिलो बैठक)

**फलेवास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, पर्वत**

२०८२/०४/१४ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

*निर्णयहरु:*

१ यस नगरपालिकाले नगरका ११ वटै वडाको क्षेत्रभित्र पर्ने जग्गा वर्गिकरणको अन्तिम प्रतिवेदनबारे व्यापक छलफल भयो । उक्त प्रतिवेदन निमानुसार सम्बन्धित निकायमा पठाउन कार्यालयलाई निर्देशन दिने । साथै सम्बन्धित निकायमा पठाएको ३५ दिनभित्र मापदण्डमा परेको क्षेत्रमा जग्गाको बर्ग छुट्याउनुपर्ने भएमा सोहिबमोजिमको निवेदन संकलनको सूचना प्रकाशित गर्ने र सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित जग्गाधनिलाई नियमानुसार निबेदन माग गरी सोहिबमोजिम मापदण्ड सच्याउन सम्बन्धित निकायमा पठाउने ।

२ झकलक चितिपानी चुचनदेउराली सडक स्तरोन्नतीको लागि २०८१।९।१८ को नगरकार्यपालिकाको निर्णय अनुसार रु ४,२०,००,००० ल.ई तयार गरी समपुरक योजनाको लागि राष्ट्रिय योजना आयोगमा पेश गरिएको तर आ.व. ०८२।८३ को लागि रु १,३६,००,००० को स्रोत सुनिश्चीत भएकोमा मिति २०८२।०४।१४ गतेको कायपालिकाको निर्णयबाट उक्त सडक स्तरोन्नती योजनालाई बहुवर्षे योजना बनाई आगामी आ.व. ०८३।८४ मा समपुरक योजनाको रुपमा कायम गरी सडक स्तरोन्नती कार्य सम्पन्न गर्न आवश्यक बांकी वजेट विनियाजन गर्ने गरी चालु आ.व. ०८२।८३ मा कुल लागत रु ४,२०,००,००० को लागि बहुवर्षे ठेक्का प्रकृया अघि वढाउने ।

३ झकलक चितिपानी चुचनदेउराली सडक स्तरोन्नतीको लागि आ.व. ०८२।८३ को मा राष्ट्रिय योजना आयोगमा समपुरक योजनाको लागि रु ८१,००,००० विनियोजन भएकोमा उक्त सडकको निर्माण कार्य अगाडि बढाउन ठेक्का प्रक्रिया अगाडि बढाउन वजेट फुकुवाको लागि पत्राचार गर्न कार्यालयलार्य निर्देशन गर्ने ।

४ आ.व. ०८२।८३ मा प्रदेश समपुरक योजनाको रुपमा स्वीकृत शिवालयचोक झ्याङसिङखोला ११ नं. वडा कार्यायालय सडक स्तरोन्नती गर्न विनियोजित वजेटबाट निर्माण कार्य शुरु गर्न तत्काल ठेक्का प्रक्रिया अगाडि बढाउने ।

५ वडा नं. ८ ठानामौलाको वडा कार्यालय जोड्ने सडक (लमाएखोला लिमिठाना ठानामौला वडा कार्यालय सडक) कालोपत्रे गर्न चालु आ.व. ०८२।८३ मा रु २५,००,००० बजेट विनियोजन भएकोमा वडा कार्यालय सम्म जोड्ने गरी उक्त सडकको कालोपत्रे कार्य सम्पन्न गर्न लागत अनुमान तयार गरी ठेक्का प्रक्रिया अगाडि बढाउने साथै सो को लागि विनियोजित बजेटमा नपुग हुने बजेटको लागि आगामि नगरसभामा पेश गर्न कार्यालयलाई दिर्देशन दिने ।

६ वडा नं. ५ खानीगाउँ र वडा नं. ७ लिमिठानाको वडा कार्यालय निर्माणका लागि बहुवर्षिय ठेक्का प्रकृया अघि वढाउन कार्यालयलाई निर्देशन दिने ।

७ चालु आ.व. ०८२।८३ मा वजेट विनियोजन भएका २५ लाख सम्मका संघीय शसर्त योजनाहरुको स्तरोन्नती गर्दा कालोपत्रे गुर्नपर्ने वाहेकाका योजनाहरु १५ प्रतिशत उपभोक्ता लागत श्रमदान समावेश हुनेगरी ल.ई. तयार गर्ने र सोहि बमोजिम कार्य अगाडी बढाउने ।

८ शहरी शासकीय पुर्वाधार आयोजना अन्तर्गत यस नगरका ११ वटै वडामा बिनियोजन गरेको रकमबाट कार्यान्वयन हुने उप योजनाहरु आगामी २०८२ श्रावण २१ भित्र सबै वडाले छनोट गरी नगरपालिकामा पेश गर्ने ।

९ नगरपालिकामा दलित बस्ती खानेपानी आयोजनाका लागि चालु आर्थिक वर्ष प्राप्त रु ७२ लाखबाट गत आ.व. ०८०।८१ मा निर्माण कार्य सम्पन्न हुन नसकेका अपुरा योजनाहरु प्राथमिकता दिई सम्पन्न गर्ने र वाकी रकमबाट बिभिन्न वडामा खानेपानी आयोजनाहरुको लागि ठेक्का प्रक्रिया अगाडि बंढाउने ।

१० फलेवास नगरपालिकामा मियामी कन्सल्टेन्सीबाट प्राप्त पत्रको व्यहोरा अवगत भई सो विषयमा छलफल भयो । सो पत्रका सम्बन्धमा नगरपालिकाका लागि अनुकुल र लाभ हुनेगरी आवश्यक सहजिकरण र सहकार्य गर्ने ।